कोशी प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

विराटनगर, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*(प्रकाशित मितिः २०८२/०८/०९)*

कोशी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहतका स्वास्थ्य संस्थाहरुको लागि आवश्यक पर्ने तपसिल बमोजिमका पदहरुमा लिखित र अन्तर्वार्ता परीक्षाको माध्यमद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यसैसाथ संलग्न दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र स्वास्थ्य मन्त्रालय, विराटनगरको इमेल ठेगाना vacancy.mohkoshi@gmail.com मा दरखास्त पेश गर्न सम्बन्धित सबैमा आह्वान गरिएको छ।

### तपसिल

१) विज्ञापन नं., पद, तह, सेवा/समूह/उपसमुह पद संख्या र काम गर्नु पर्ने स्वास्थ्य संस्था:

| विज्ञापन नं. | पद | तह | सेवा/समूह/ उपसमुह | पद संख्या | काम गर्नु पर्ने स्वास्थ्य संस्था |
|---|---|---|---|---|---|
| १/२०८२/८३ | कन्सल्टेण्ट सर्जन | नवौं | प्रदेश स्वास्थ्य/ जनरल सर्जरी | १ | कटारी अस्पताल, उदयपुर |
| २/२०८२/८३ | कन्सल्टेण्ट अर्थोपेडिक्स सर्जन | नवौं | प्रदेश स्वास्थ्य/ अर्थोपेडिक सर्जरी | १ | कटारी अस्पताल, उदयपुर |
| ३/२०८२/८३ | कन्सक्टेण्ट जनरल फिजिसियन | नवौं | प्रदेश स्वास्थ्य/ जनरल मेडिसिन | ३ | जिल्ला अस्पताल, खोटाङ, पाँचथर र सुनसरी |
| ४/२०८२/८३ | कन्सल्ट्याण्ट अव्स्ट्रेटिक्स तथा गाइनोकोलोजीष्ट | नवौं | प्रदेश स्वास्थ्य/ अब्सट्रेटिक्स तथा गाइनोकोलोजी | १ | जिल्ला अस्पताल, संखुवासभा |
| ५/२०८२/८३ | कन्सल्टेण्ट पेडियाट्रिसियन | नवौं | प्रदेश स्वास्थ्य/ पेडियाट्रिक्स मेडिसिन | ५ | जिल्ला अस्पताल, खोटाङ, संखुवासभा, ताप्लेजुङ, भोजपुर र उदयपुर |



उप सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| ६/२०८२/८३ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | नवौं | प्रदेश स्वास्थ्य/ एनेष्थेसियोलोजी | ३ | जिल्ला अस्पताल, ताप्लेजुङ, भोजपुर र सुनसरी |
| ७/२०८२/८३ | एम.डि.जि.पि. | नवौं | प्रदेश स्वास्थ्य/ मेडिकल जनरलिष्ट | २ | जिल्ला अस्पताल, ओखलढुङ्गा र शैलजा आचार्य अस्पताल तथा हृदय रोग केन्द्र, विराटनगर |
| ८/२०८२/८३ | कन्सक्टेण्ट साइक्याट्रिष्ट | नवौं | प्रदेश स्वास्थ्य/ साइक्याट्रि | २ | जिल्ला अस्पताल, इलाम र पाँचथर |
| ९/२०८२/८३ | कन्सल्टेण्ट काय चिकित्सक | नवौं | प्रदेश स्वास्थ्य/ आयुर्वेद/काय चिकित्सा | २ | प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, खोटाङ |
| १०/२०८२/८३ | कन्सल्टेण्ट शल्य चिकित्सक | नवौं | प्रदेश स्वास्थ्य/ आयुर्वेद/शल्य तथा संज्ञाहरण | २ | प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, खोटाङ |
| ११/२०८२/८३ | कन्सल्टेण्ट पंचकर्म विज्ञ | नवौं | प्रदेश स्वास्थ्य/आयुर्वेद /पञ्चकर्म | १ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, खोटाङ |
| १२/२०८२/८३ | कन्सल्टेण्ट आयुर्वेद विज्ञ | नवौं | प्रदेश स्वास्थ्य/ आयुर्वेद/जनरल आयुर्वेद | ३ | प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ र उदयपुर |

उप सचिव

२) सेवाको किसिमः अस्थायी (करार सेवा)

३) आवश्यक न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा नाम दर्ता अद्यावधिक भएको।

४) तलव तथा सेवा सुविधाः कोशी प्रदेश सरकारको सम्बन्धित पदको लागि तोकिएको न्यूनतम तलव भत्ता प्रदान गरिने छ । अन्य सेवा सुविधा प्रदेश सरकारको प्रचलित नियम बमोजिम हुनेछ।

५) उम्मेद्वारको उमेरः दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको।

६) दरखास्त दस्तुरः दुई हजार रुपैयाँ मात्र।

७) उम्मेद्वारको छनोट विधिः लिखित र अन्तर्वार्ता।

८) फाराम प्राप्त गर्ने र बुझाउने प्रक्रियाः कोशी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको वेवसाइट https://moh.koshi.gov.np/ बाट दरखास्त फाराम डाउनलोड गरी फाराम भरी फारामको फोटोमा पर्ने गरी उम्मेद्वारले दस्तखत गरी सो फाराम साथ उम्मेद्वारको नेपाली नागरिकताको प्रमाणपत्र, दरखास्त दस्तुर बुझाएको भौचर, शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्र, सम्बन्धित काउन्सीलमा दर्ता भएको प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी सबै कागजातको स्क्यान गरी मन्त्रालयको इमेल ठेगाना **vacancy.mohkoshi@gmail.com** मा अपलोड गर्नु पर्नेछ।

९) दरखास्त दस्तुर बुझाउने तरिकाः यस मन्त्रालयको नाममा राष्ट्रिय वाणिज्य बैंकमा रहेको राजस्व खाता PTCO STATE No 1 REVENUE (TSA) 1000100201010001, राजस्व नं. १४२२४, कार्यालय कोड ३७०००१३०११ मा रु. २००० को भौचर भरी उक्त भौचरलाई समेत स्क्यान गरी दरखास्त फारामसाथ पेस गर्ने।

१०) दरखास्त फाराम भर्ने मितिः मिति २०८२/०८/०९ देखी २०८२/०८/२३ गते सम्म। दरखास्त फाराम भर्ने अन्तिम मितिको रातको १२ बजेसम्म प्राप्त हुन आएका आवेदनहरूलाई मात्र स्वीकृत गरिनेछ।

११) परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः मन्त्रालयले सूचना प्रकाशन गरी जानकारी गराउने छ।

१२) पाठ्यक्रमः लोक सेवा आयोगबाट सम्बन्धित पदको लागि तोकिएको पाठ्यक्रम सन्दर्भ सामग्रीको रुपमा अध्ययन गर्न सकिनेछ।

१३) तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको तथा दरखास्त दस्तुरको भौचर प्राप्त नभएको दरखास्त फारामउपर कुनै कारवाही हुने छैन। साथै, झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

१४) आवेदन स्वीकृत/अस्वीकृत गर्ने तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार मन्त्रालयलाई हुनेछ।

१५) विज्ञापन सम्बन्धी थप सूचना आवश्यक परेमा यस मन्त्रालयका जनस्वास्थ्य अधिकृत लक्ष्मण खरेल (मोबाइल नं. ९८४४६८६४४९) लाई सम्पर्क गरी बुझ्न सकिनेछ।



उप सचिव